म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- २६ २०८१ मंसिर २७ गते बिहीबार 12 December 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-




# पत्रकार महासंघ मकवानपुरमा अध्यक्षका लागि ५ जनाको उम्मेदवारी

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाको अध्यक्षका लागि ५ जनाको उम्मेदवारी परेको छ । निर्वाचनको कार्यतालिकाअनुसार बुधबार भएको उम्मेदवारी दर्ताको कार्यक्रममा अध्यक्ष पदका लागि सुरेश श्रेष्ठ, बालकृष्ण अधिकारी, अञ्जली थापा, पोष्टराज अधिकारी र शिव कुमार रिजालको उम्मेदवारी परेको छ ।

श्रेष्ठ समृद्ध समाज दैनिकका सम्पादक तथा रेडियो निकासका स्टेशन म्यानेजर हुनुहुन्छ भने मकवानपुर बहुमुखी क्याम्पसमा पत्रकारिता तथा आमसञ्चार विषयका सहायक प्राध्यापक समेत हुनुहुन्छ। करिब २ दशकदेखि पत्रकारितामा क्रियाशील श्रेष्ठ स्वतन्त्र उम्मेदवार हुनुहुन्छ । बालकृष्ण अधिकारी कान्तिपुर टेलिभिजनका संवाददाता हुनुहुन्छ । प्रेस चौतारी मकवानपुरका अध्यक्ष समेत रहनुभएका अधिकारी स्थानीय टिम टेलिभिजनमा पनि आवद्ध हुनुहुन्छ । अधिकारी प्रेस युनियनको समर्थनमा प्रेस चौतारीको उम्मेदवार हुनुहुन्छ। अध्यक्षका आकांक्षी अञ्जली थापा प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष समेत हुनुहुन्छ । समाजवादी प्रेस संगठनसहित विभिन्न संगठनको समर्थनमा थापा अध्यक्षको उम्मेदवार बन्नु भएको हो। थापा राष्ट्रिय समाचार समितिका लागि हेटौंडाबाट समाचार लेख्नुहुन्छ ।

अध्यक्षका अर्का आकांक्षी पोष्टराज अधिकारी नयाँ पत्रिकाका लागि हेटौंडाबाट समाचार लेख्नुहुन्छ । अधिकारी स्थानीय रेडियो मकवानपुरमा पनि आवद्ध हुनुहुन्छ । प्रेस युनियन मकवानपुरका पूर्वअध्यक्ष समेत रहनुभएका अधिकारी स्वतन्त्र उम्मेदवारको रुपमा रहनुभएको छ। यस्तै निर्वाचनअघि मात्रै समाजवादी प्रेस संगठन छाडेको घोषणा गर्नुभएका शिवकुमार रिजाल मकवानपुरको मनहरीलाई आधार बनाएर पत्रकारितामा क्रियाशील हुनुहुन्छ । रिजाल मनहरीबाटै प्रकाशन हुने थाहा सन्देश साप्ताहिक सञ्चालन गर्दै आउनुभएको छ भने मनहरी एफएमका सञ्चालक समेत हुनुहुन्छ ।


*अध्यक्ष पदको उम्मेदवारी दर्ता गर्नुहुँदै सुरेश श्रेष्ठ ।*

खुला उपाध्यक्षमा गणेश अधिकारी, ध्रुव अधिकारी र रविन्द्र गौतमको उम्मेदवारी परेको छ । महिला उपाध्यक्षमा प्रतिक्षा न्यौपाने र भावना रिजालको उम्मेदवारी परेको छ। सचिवमा केशव सुवेदी, इन्द्रप्रसाद बञ्जारा र अशोक सुजन श्रेष्ठको उम्मेदवारी परेको छ भने कोषाध्यक्षमा प्रदीप अधिकारी र यमप्रसाद पौडेलले उम्मेदवारी दिनुभएको छ । खुला सहसचिवमा विश्वराम अधिकारी र शिवप्रसाद चौलागाईको उम्मेदवारी परेको छ । यस्तै समावेशी सहसचिवमा सन्नु रिजाल र रुपा गुरुङको उम्मेदवारी परेको छ। दलित सदस्यमा सञ्जीव सुनार र सुमित विश्वकर्माको उम्मेदवारी परेको छ भने महिला सदस्यमा स्मिता अर्जेल र जमुना थिङको उम्मेदवारी परेको छ । जनजाति सदस्यमा सानुमाया गुरुङ र जयराम मोक्तानको उम्मेदवारी परेको छ।

खुला सदस्य ६ जनाका लागि १३ जनाको उम्मेदवारी परेको छ। खुला सदस्यमा जीवराज बखेल, श्यामलाल दूलाल, कुमारमणि हुमागाई, मञ्जिता मैनाली, श्रीराम अर्जुन दाहाल, कृष्णा विष्ट, रविन ढुंगाना, सरोज पौडेल, सुमन दाहाल, विवेक सिन्तान, अशेष ढुंगाना, अनिल पराजुली र नवराज वाईबाको उम्मेदवारी परेको छ। केन्द्रीय परिषद् सदस्यका लागि कमलचन्द्र सुमन, नवराज शर्मा र सुजन विडारीको उम्मेदवारी परेको छ । केन्द्रीय परिषद् सदस्यमा २ जना चयन हुनुहुनेछ ।

महासंघको निर्वाचन कार्यक्रमअन्तर्गत शुक्रबार मतदान हुनेछ । नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाको १८ सदस्यीय समिति चयनका लागि निर्वाचन हुँदैछ । महासंघको कार्यकाल ३ वर्षको हुनेछ । महासंघ मकवानपुरमा एक सय १७ जना सदस्य छन् । यसअघि गत शनिबार संघीय समितिको र सोमबार प्रदेश समितिको उम्मेदवारी दर्ता भएको थियो । संघीय समितिको अध्यक्ष पदका लागि निर्मला शर्मा र रमेश विष्टको उम्मेदवारी परेको छ भने बागमती प्रदेश समितिको अध्यक्ष पदका लागि शिव देवकोटा र कृष्ण सारु मगरले उम्मेदवारी दर्ता गर्नुभएको छ। निर्वाचन कार्यक्रमअन्तर्गत मतदानका लागि हेटौंडा-५ स्थित रिगल हेटौंडा रिसोर्टलाई मतदानस्थल निर्धारण गरिएको छ ।

## ८ जना सर्वसम्मत निर्वाचित

हेटौंडाः नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाको निर्वाचनबाट कार्यसमिति सदस्यसहित ८ जना सर्वसम्मत निर्वाचित भएका छन् । कार्यसमितितर्फ मधेशी सदस्यमा मनिल महतो र प्रदेश परिषद् सदस्य ६ जना सर्वसम्मत निर्वाचित भएका छन् । प्रदेश परिषद् सदस्यमा ८ जना आवश्यक पर्ने भए पनि ६ जनाको मात्रै उम्मेदवारी परेको छ ।

# ११४ जनाको आँखामा मोतिविन्दु

समाज संवाददाता

हेटौडाः रोटरी क्लब अफ हेटौंडाको आयोजना तथा हेटौंडा सामुदायिक आँखा अस्पतालको सहयोगमा छुट्टाछुट्टै ३ स्थानमा भएको आँखा शिविरमा आँखामा मोतिविन्दुको समस्या भएका १ सय १४ जना पहिचान भएको छ ।

बुधबार मकवानपुरको मकवानपुरगढी गाउँपालिका-३, मक्राञ्चुली, मकवानपुरकै भीमफेदी गाउँपालिका कोगटे र रौतहटको पटेर्वा गाउँपालिकामा भएको शिविरमा १ सय १४ जनाको आँखामा मोतिविन्दुको समस्या देखिएको हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो । मकवानपुरगढीमा भएको शिविरमा ३ सय २६ जनाको आँखा परीक्षण गरिएकोमा १२ जनाको आँखामा मोतिविन्दुको समस्या भेटिएको हो ।

यस्तै भीमफेदी गाउँपालिकमा १ सय ६९ जनाको परीक्षण गरिएकोमा ६ जनामा मोतिविन्दुको समस्या देखिएको र रौतहटको पेटर्वा गाउँपालिकामा भएको शिविरमा २ सय ६१ जनाको आँखा परीक्षण गरिएकोमा ९६ जनामा मोतिविन्दुको समस्या देखिएको व्यवस्थापक श्रेष्ठले जानकारी दिनुभयो। शिविरमा मोतिविन्दुको समस्या देखिएकाहरुको हेटौंडा सामुदायिक आँखा अस्पतालले निशूल्क उपचार गरिदिनेछ। शिविरमा आँखा अस्पतालबाट वरिष्ठ नेत्र सहायक सहित ६ जनाको टोली परीक्षणमा गएको थियो ।

# अटो र बसको ठक्करबाट २ जना पैदलयात्रीको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरका दुई छुट्टाछुट्टै स्थानमा मंगलबार अटो र बसको ठक्करबाट २ जना पैदलयात्रीको मृत्यु भएको छ । हेटौंडा-१९, बस्तिपुरमा अटोको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको हो। मंगलबार साँझ ६ बजेको समयमा पूर्व-पश्चिम सडककण्डमा बस्तिपुरबाट मनहरीतर्फ जाँदै गरेको बा प्र ०३-००१ ह ०२५१ नम्बरको अटोले ठक्कर दिँदा सोहि ठाउँका ४२ वर्षीय मनोज लामाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

अटोको ठक्करबाट लामा मध्यम घाइते भएका थिए । घाइते लामालाई उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा उपचारको क्रममा राती १० बजेर १० मिनेटमा समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। अटो चालक मनहरी गाउँपालिका-७, रमनटारका ४२ वर्षीय प्रेम बहादुर सिङ्तानलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको छ ।

यस्तै मकवानपुरको मनहरी गाउँपालिका-६, चौकिटोलमा बसले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ । मंगलबार राती १० बजेर ३० मिनेटको समयमा पूर्व-पश्चिम सडकखण्डमा वीरगन्जबाट काठमाडौंतर्फ जाँदै गरेको बा प्र ०१-००६ ख ५५२४ नम्बरको यात्रुबाहक बसले ठक्कर दिँदा पहिचान नखुलेको अन्दाजी ३५ वर्षीय पुरुषको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। बसको ठक्करबाट पुरुष गम्भिर घाइते भएका थिए । घाइते पुरुषलाई उपचारका लागि हेटौंडा अस्पताल पुऱ्याइएकोमा राती ११ बजेर ४० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । ठक्कर दिने बस र बस चालक बारा जिल्लाको जितपुर-सिमरा उपमहानगर पालिका-२ का ५८ वर्षीय उद्धव गिरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# ३९६ बालगृहको संरक्षणमा १०,८८२ बालबालिका

जमुना तामाङ

**७३ प्रतिशत बालबालिकाले नेपालमा जन्मदर्ता अभिलेख गर्दा बागमती प्रदेशमा ७१ प्रतिशत बालबालिकाले मात्र जन्मदर्ता अभिलेख गराएका छन् । जन्मदर्ता बिना नागरिकता बन्दैन । सहज रुपमा जन्मदर्ता समेत नपाउने बेलामा नागरिकताको विषयमा बहस चलाउन जरुरी देखिन्छ ।**

हेटौंडाः अभिभावकविहीन बालबालिका र जबरजस्ती करणी तथा हाडनाता करणीबाट जन्मिएका शिशुलाई बालगृहमा वैकल्पिक स्याहारका लागि राख्ने गरिएको छ । ७ प्रदेशमा रहेका ३ सय ९६ बालगृहमा १० हजार ८ सय ८२ बालबालिकाका वैकल्पिक हेरचाहमा हुर्किरहेका छन्। वैकल्पिक स्याहारका लागि अन्तिम विकल्पको रुपमा रहेको बालगृहहरुमा उल्लेख्य रुपमा बालबालिका रहेको पाइएको छ। जसमा सबैभन्दा बढी बालबालिका बागमती प्रदेशको बालगृहमा वैकल्पिक हेरचाहमा हुर्किरहेका छन् । तीमध्ये एक बालिका हुन्, सरस्वती बुढा मगर। सरस्वती अहिले चितवन जिल्लामा रहेको एक बालगृहको संरक्षणमा हुनुहुन्छ। तर उहाँको वैकल्पिक हेरचाहमा हुर्कनु रहर नभई बाध्यताको उपज हो ।

४६ वटा जिल्लामा मात्र ३ सय ९६ बालगृह छन् । जसमा ५ हजार २५ बालक र ५ हजार ५ सय ७८ बालिका गरी १० हजार ८ सय ८२ बालबालिका बालगृहमा संरक्षित रहेको बालअधिकार परिषद्ले जनाएको छ। कोशी प्रदेशको ९ वटा जिल्लामा ३० वटा बालगृह छन् । ती बालगृहमा ३ सय ८६ बालक र ३ सय ८१ बालिका गरी ७ य ६७ बालबालिका संरक्षित छन्। मधेश प्रदेशको ५ वटा जिल्लामा रहेको १३ वटा बालगृहमा एक सय ३८ बालक र ५७ बालिका गरी एक सय ९५ बालबालिका छन्। बागमती प्रदेशको १९ वटा जिल्लामा रहेका २ सय ७२ बालगृहमा ३ हजार ३ सय १६ बालक र ४ हजार २ सय ४९ बालिका गरी ७ हजार ५ सय ६५ बालबालिका संरक्षित छन् ।

गण्डकी प्रदेशको ६ वटा जिल्लामा रहेका ३५ बालगृहमा ४ सय ५६ बालक र ५ सय ३६ बालिका गरी ९ सय ९२ बालबालिका संरक्षित छन् । लुम्बिनी प्रदेशको ७ वटा जिल्लामा रहेका २० बालगृहमा २ सय ९६ बालक र २ सय ६२ बालिका गरी ५ सय ५८ बालबालिका संरक्षित छन् । कर्णाली प्रदेशको ६ वटा जिल्लामा रहेका १२ बालगृहमा २ सय ३३ बालक र २ सय ११ बालिका गरी ४ सय ४४ बालबालिका संरक्षित छन् । सुदुरपश्चिम प्रदेशको ३ वटा जिल्लामा रहेका १४ बालगृहमा २ सय बालक र एक सय ६१ बालिका गरी ३ सय ६१ बालबालिका संरक्षित छन् ।

सकेसम्म बालबालिका वैकल्पिक हेरचाहमा हुर्कन हुँदैन । विभिन्न चुनौतिकाबीच समस्या समाधान गर्नु राज्यको दायित्व भएको सरोकारवाला निकायको जोड छ । बिडाम्बना बालबालिका बालगृहहरुमा बस्न बाध्य छन्। २०८०/८१ मा नेपालमा ६ हजार ५ सय ९० बालबालिका हराउँदा बागमती प्रदेशमा एक हजार ४ सय ६३ बालबालिका हराएका छन्। हराएकामध्ये ७ सय ७९ जना मात्र भेटिँदा बागमतीमा एक सय २७ बालबालिका भेटिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

७३ प्रतिशत बालबालिकाले नेपालमा जन्मदर्ता अभिलेख गर्दा बागमती प्रदेशमा ७१ प्रतिशत बालबालिकाले मात्र जन्मदर्ता अभिलेख गराएका छन् । जन्मदर्ता बिना नागरिकता बन्दैन। सहज रुपमा जन्मदर्ता समेत नपाउने बेलामा नागरिकताको विषयमा बहस चलाउन जरुरी देखिन्छ । अनि मात्र बालबालिकाले आधारभूत आवश्यकता परिपूर्ति गर्न सकिन्छ भने उमेर पुगेपछि सहज रुपमा जीविकोपार्जन गर्न रोजगार हासिल गर्न सकिने छ ।

# साउदी अरेबियामा विश्वकप फुटबल

काठमाडौंः विश्व फुटबलको महामेला फिफा विश्वकप फुटबल प्रतियोगिता फेरि एसियाली मैदानमा फर्कने पक्का भएको छ। सन् २०३४ को फिफा विश्वकप आयोजना अधिकार साउदी अरेबियाले पाएसँगै यो महामेला फेरि एसियामा हुने पक्का भएको हो ।

फिफाले सन् २०३४ को विश्वकप आयोजनाका लागि इच्छुक सदस्य र ाष्ट्रहरुबाट प्रस्ताव आह्वान गरेको थियो। फिफाको क्रमिक आयोजना अधिकार नियम अनुसार विश्वकप आयोजनाका लागि एसिया र ओसिआना मात्र योग्य थिए। साथै विश्वकप आयोजनाका लागि प्रस्ताव आह्वान गर्न फिफाले सन् २०२३ को अक्टुबर ३१ तारीखसम्म अन्तिम म्याद दिएको थियो। जसमा साउदी अरेबिया मात्र एक्लो प्रत्याशीका रुपमा उभिएपछि अन्ततः साउदीले नै आयोजना अधिकार पाएको हो । सन् २०३४ को फिफा विश्वकपमा ४८ देशहरुले सहभागिता जनाउने छन्। यसअघि सन् २०२२ को फिफा विश्वकप अर्को एसियाली राष्ट्र कतारले सफलताका साथ आयोजना गरिसकेको छ। सन् २०२६ को फिफा विश्वकप अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रुपमा आयोजना गर्दैछन् । त्यस्तै सन् २०३० को फिफा विश्वकप भने स्पेन, पोर्चुगल र मोरक्कोले आयोजना गर्दैछन्। जसमा विश्वकप आयोजना भएको १००औं वर्षको अवसर पारी केही खेलहरु अर्जेन्टिना, उरुग्वे र पाराग्वेमा पनि हुनेछन्। *स्रोतः गोलनेपाल ।*

## जेसीआई हेटौंडाको साधारणसभासम्बन्धी सूचना

जेसीआई हेटौंडाको वार्षिक साधारणसभा तपसील बमोजिम हुने जानकारी सम्पूर्ण सदस्यलाई गराइसकेको र यदि कुनै कारणवस पत्र प्राप्त नभए यसै सूचनालाई आधार मानी साधारणसभामा सहभागी हुनुहुन सम्पूर्ण सदस्य ज्यूहरुलाई हार्दिक अनुरोध गरिन्छ ।

**तपसील**
मितिः २०८१ साल पुस १२ गते
समयः बिहान ८ बजे
स्थानः जेसीआई हेटौंडाको सचिवालय, हेटौंडा-९

**जेसीआई सिनेटर विकेशलाल श्रेष्ठ**
**अध्यक्ष**
**जेसीआई हेटौंडा वर्ष २०२४**

## कर्मचारी आवश्यकता

एभोकाडो एण्ड अर्किड रिसोर्ट हेटौंडाको लागि रेष्टुरेन्टको र बैन्क्युट हलको लागि तपशिल बमोजिम कर्मचारीहरु आवश्यक भएकोले काम गर्ने तथा अनुभबी योग्य ब्यक्तीहरुले निम्न ठेगानामा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ ।

तपसिल

| सि.न. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | Banquet सुपरभाइजर | १ | कम्तिमा +२ उत्तीर्ण गरी कम्प्युटरमा दखल भएको र सम्बन्धित काममा दक्ष भएको |
| २ | रेस्टुरेन्ट क्यासियर | १ | +२ उत्तीर्ण गरेको, कम्प्युटरमा दखल भएको र सम्बन्धित काममा दक्ष भएकोलाई बिशेष ग्रहयता |

**सम्पर्क**
**एभोकाडो एण्ड अर्किड रिसोर्ट प्रालि हेटौंडा**
**फोन नं. ०५७-५२०४२९, ५२०२३५**

## सम्पादकीय

# प्रदेश सरकार र अन्तरराष्ट्रिय सम्बन्ध

संघीयता कार्यान्वयनमा आएपछि तीन तहका सरकारबीच एकल र साझा अधिकारको अवधारणा महत्वपूर्ण छ । तीन तहका सरकारमध्ये कतिपय काम तीनै सरकारले आआफ्नो एकल अधिकारभित्र पर्दछ भने केही अधिकार साझा दृष्टिकोणबाट उपयोग गर्नुपर्ने अवस्था रहन्छ । मुलुकको परराष्ट्र सन्दर्भमा भने संघीय सरकारको एकल अधिकारको सूचिमा रहेको छ । छिमेकी तथा तेस्रो मुलुकसँग औपचारिक, अनौपचारिक सम्बन्ध कायम गर्ने विषय संघीय सरकारको एकल अधिकारको विषय हो । अन्तर्राष्ट्रिय सम्बन्ध र सहकार्यको विषयमा प्रदेश र स्थानीय तहले आआफ्नो ढंगले काम गर्न सक्ने अवस्था छ । यसै क्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा र नेपालका लागि स्वीस सरकारका राजदूत डा. डेनियल म्युली बीच शिष्टाचार भेटवार्ता भएको छ । मंगलबार प्रदेश राजधानी हेटौंडामा मुख्यमन्त्री लामा र राजदूत म्युली बीच भेटवार्ता भएको हो ।

भेटमा राजदूत म्युलीले स्वीस सरकारबाट बागमती प्रदेशमा हाल सञ्चालनमा रहेका परियोजना र संविधान कार्यान्वयन तथा सहयोगको विषयमा जानकारी गराउनुभएको थियो । स्वीस सरकारको सहयोगमा बागमती प्रदेशमा ६ वटा परियोजनाहरु कार्यान्वयनमा रहेको र थप २ वटा परियोजना सुरुवातको प्रक्रियामा रहेको बताइएको छ । भेटमा राजदूत म्युलीले प्रदेश सरकारले प्राविधिक तथा व्यावसायिक सीप सम्बन्धी ऐन जारी गरी प्रादेशिक तहमै रोजगारी प्रवर्द्धनका लागि गरेको प्रयासको प्रशंसा गर्नुभयो । प्रदेशमा स्वीस सरकारको सहयोगमा सुरक्षित आप्रवासन परियोजना (सामी) कार्यान्वयनमा रहेको उहाँले बताउनुभयो । स्वीस सरकारले मोटरेवल लोकल रोड एण्ड ब्रीज प्रोगामबाट सडक, पुल निर्माणमा काम गरिरहेको उहाँले बताउनुभयो । प्रदेशमा डिजिटल नेपाल फ्रेमवर्क अन्तर्गत साना तथा मझौला उद्यमीलाई प्रविधीमैत्री उद्यम विकासमा सहयोग गरिरहेको उहाँको भनाई छ ।

प्रदेश सरकार विकासे परियोजनामा संघीय सरकारसँगको आवश्यक सहजीकरणमा दातृ निकायसँग सहकार्य गर्ने अवसरलाई सकारात्मकरुपमा लिँदै यस किसिमको अभ्यासलाई उपलब्धीमूलक बनाउने विषयमा प्रदेश सरकारले आवश्यक तयारी गर्नु जरुरी छ । प्रदेश सरकारले दातृ निकायहरुलाई सहकार्यका लागि आव्हान गर्ने र सकारात्मक परिवर्तनको उपलब्धीमा दातृ निकायको योगदानको प्रशंसा गर्ने वातावरण बन्ने हो भने हामीले विकसित मुलुकको सीप, ज्ञान र पुँजीलाई उपयोग गर्न सक्छौं । यसले विकासशील नेपाली समाजलाई सकारात्मक सुधार गर्न सकिन्छ । कुटनीतिक सम्बन्धलाई दोहोरो लाभको अवसर सिर्जना गर्ने, साझेदार मूलुकलाई चित्त बुझ्दो व्यवहार गर्ने, आम नागरिकको जीवनस्तर परिवर्तनमा उल्लेखनीय भूमिका निर्वाह गर्ने अवस्थाका लागि बागमती प्रदेश सरकारले सक्दो प्रयत्न गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : आकस्मिक रुपमा हानी बेहोर्नु पर्ला । |
| वृष | : सामाजिक र धार्मिक कामबाट लाभ प्राप्त । |
| मिथुन | : विवादमा रुमल्लिए पनि विजय प्राप्त होला । |
| कर्कट | : चुनौति र समस्या चिर्दै अगाडि बढिने छ । |
| सिंह | : रिस र आवेगले काममा बाधा होला । |
| कन्या | : तर्क वितर्कका कामबाट लाभ प्राप्त हुनेछ । |
| तुला | : सामाजिक अनि साहित्यिक काममा सरिक । |
| वृश्चिक | : बुद्धि खियाएर गरिने कामबाट लाभ प्राप्त । |
| धनु | : मिहिनेतले लक्ष्य प्राप्ति हुने समयको योग छ । |
| मकर | : धार्मिक काममा सरिक भइने समयको योग छ । |
| कुम्भ | : सामाजिक र साहित्यिक काममा सरिक भइने समयको योग छ । |
| मीन | : मित्र र सहयोगीले सहयोग गर्ने समयको योग रहेको छ । |

# छैटौं एसियाली जनसंख्या सम्मेलन र नेपाल





**विश्वनाथ खरेल**

छैटौं एसियाली जनसंख्या संघ (एपिए) सम्मेलन नोभेम्बर २७ देखि ३०, २०२४ सम्म काठमाडौंमा सम्पन्न भयो । त्रिभुवन विश्वविद्यालयको जनसंख्या अध्ययन केन्द्रीय विभाग (सिडिपिएस) ले एपिएसँगको सहकार्यमा यो प्रतिष्ठित कार्यक्रम काठमाडौंको सोल्टी होटलमा आयोजना गरेको थियो । जनसंख्या र विकासबीच संयोजन गर्ने मुख्य उद्देश्यले सन् २०१० देखि सम्मेलन हुँदै आएको छ । यसको पहिलो सम्मेलन भारतको नयाँ दिल्ली, दोस्रो थाइल्यान्डको बैंकक, तेस्रो मलेसियाको क्वालालम्पुर, चौथो चीनको सांघाई र पाँचौं इन्डोनेसियाको जकार्तामा सम्पन्न भएको थियो ।

यसले जनसंख्या अध्ययनमा शिक्षाविद्, नीतिनिर्माता र चिकित्सकहरुसहित ५० देशका ५ सयभन्दा बढी प्रतिनिधिलाई एकै ठाउँमा ल्याउने अपेक्षा गरिएको थियो । सो सम्मेलनमा नेपाललगायत विभिन्न एसियाली मुलुक सहभागी भएका थिए । सन् २०२४ मा जनसंख्या व्यवस्थापन, विकास नीति र दिगो भविष्य निर्माणका सन्दर्भमा एसियाली राष्ट्रहरूले अपनाउने रणनीतिलाई प्राथमिकतामा राखेर आयोजना गरिएको एक महत्वपूर्ण मञ्च थियो । यस प्रकारका सम्मेलनले क्षेत्रीय सहयोग, अनुभव आदानप्रदान र विकास लक्ष्यलाई प्रभावकारी बनाउने उपायको खोजी गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

नेपालजस्तो जनसंख्या वृद्धि, सहरीकरण र प्राकृतिक स्रोत व्यवस्थापनमा चुनौती भोगिरहेको राष्ट्रका लागि यस प्रकारको सम्मेलन अझ सान्दर्भिक देखिन्छ । मुलुकले यस सम्मेलनमा सहभागी हुँदा आफ्ना विशिष्टता, चुनौती र समाधानका सम्भावना प्रस्तुत गर्न पाएको छ । एसियाली जनसंख्या सम्मेलन पहिलो पटक सन् १९७४ मा प्रारम्भ भएको थियो । यस सम्मेलनले एसियामा जनसंख्या र विकासबीचको अन्तरसम्बन्धलाई अध्ययन र सम्बोधन गर्दै आएको छ । सन् २०२४ को छैटौं सम्मेलनमा, विश्वका विभिन्न क्षेत्रबाट विज्ञ, नीति निर्माता र नागरिक समाजका प्रतिनिधिहरूले दिगो विकास लक्ष्य (एसडिजी) मा जनसंख्याको प्रभाव, लैङ्गिक समानता, प्रवासन, जलवायु परिवर्तन र वृद्ध जनसंख्याका चुनौतीहरूको समीक्षा गर्ने अपेक्षा गरिएको थियो ।

सम्मेलनमा उठान भएका मुख्य-मुख्य विषयका मुद्दालाई अवलोकन गर्ने हो भने जनसंख्या वृद्धि र दिगो विकास, जनसंख्या वृद्धिले स्रोत व्यवस्थापन, स्वास्थ्य सेवा र शिक्षा प्रणालीमा चुनौती खडा गरेको छ । त्यस्तैगरी ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा हुने जनसंख्या प्रवाह र यसले पार्ने प्रभावमा लैङ्गिक समानता पनि रहेको छ । जसले गर्दा महिला सशक्तीकरण र प्रजनन अधिकारलाई प्रमुख एजेन्डा बनाइएको छ । त्यस्तै, जलवायु परिवर्तन र जनसंख्या व्यवस्थापनले पनि यसमा प्रभाव पारेको छ । वृद्ध जनसंख्याको वृद्धिलाई ध्यानमा राख्दै सामाजिक सुरक्षा र स्वास्थ्य सेवाको व्यवस्थापन पनि जटिल बन्दै गएको देखिन्छ ।

मुलुकले जनसंख्या व्यवस्थापन र विकासका मुद्दामा विभिन्न चुनौतीको सामना गरिरहेको छ । यस सम्मेलनले राष्ट्रलाई नयाँ दृष्टिकोण र समाधान पाउन मद्दत पुऱ्याउन सक्छ । सम्मेलनमा वर्तमान एसियाली जनसंख्याको ठूलो प्रवृत्ति र ढाँचा तथा यसको भविष्यका बारेमा गहन छलफल भएको सम्बन्धित निकायले बताएको छ । यो सम्मेलनले विश्व र एसियाली तथा नेपाली शिक्षाविद्, पेसाकर्मी, नीति निर्माता र जनसंख्या र विकासको क्षेत्रमा अध्ययन तथा काम गर्ने राजनीतिज्ञहरुलाई साझा मञ्चको पाठ सिकाएको छ । यसले मानव कल्याणका लागि विकासको सम्बन्धमा समकालीन जनसंख्या नीति, जनसंख्या प्रवृत्ति, ढाँचा र जनसंख्याको भविष्यका बारेमा सिक्ने, साझा गर्ने र छलफल गर्ने अवसर प्रदान गर्छ ।

हाम्रो देशले विविध जनसांख्यिक विशेषता बोकेको छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने ठूलो हिस्सा, सहरीकरणको तीव्र गति र युवा जनसंख्याको बाहुल्यता यसका प्रमुख विशेषता हुन् । रोजगारीका लागि ठूलो संख्यामा युवा विदेश जाने क्रमले सामाजिक र आर्थिक संरचनामा असर पुऱ्याएको छ । यस विषयमा छलफल नेपालका लागि महत्वपूर्ण छ । अर्कातिर, जलवायु परिवर्तनको असरका कारण नेपालमा प्राकृतिक विपद्का घटना बढिरहेका छन् । यसले स्थानीय जनसंख्यामा प्रत्यक्ष असर पारिरहेको छ । त्यस्तै, लैङ्गिक असमानताको चुनौतीका बाबजुद महिला सशक्तीकरणको क्षेत्रमा प्रगति गर्दै आएको नेपालका लागि यस क्षेत्रका अन्य देशहरूको अनुभवले महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । यस सम्मेलनमा मुलुकले प्रस्तुति गरको मुख्य बुँदाहरू निम्न छन्ः

दिगो विकासका लागि सन्तुलित जनसंख्या नीति निर्माण गर्नु अति आवश्यक पर्छ । युवाको क्षमता विकास गर्नका लागि शिक्षामा लगानी र सीप विकासका कार्यक्रममार्फत श्रमशक्तिलाई दिगो विकासमा प्रयोग गर्ने योजना सरकारले तय गर्नुपर्ने हुन्छ । त्यस्तै, जलवायु अनुकूलन र विपद् व्यवस्थापन रणनीति पनि तयार गर्नुपर्ने हुन्छ । अर्कातिर वैदेशिक रोजगारीका लागि जाने जनशक्तिलाई पुनःस्थापना गर्ने रणनीतिक कार्यक्रम स्थानीय तहदेखि सहरी क्षेत्रहरूमा समेत लागू गर्नुपर्ने हुन्छ ।

सन् २०२१ को जनगणनाअनुसार नेपालको जनसंख्या वृद्धिदर पहिलो पटक वार्षिक १ प्रतिशतभन्दा कम अर्थात् ०.९२ प्रतिशत छ । नेपालले प्रतिस्थापन स्तरको प्रजनन क्षमता हासिल गरेको छ र प्रजनन क्षमतामा कमी आउने प्रवृत्तिलाई संकेत गरेको छ । जसको अर्थ भविष्यमा यो घट्दै जानेछ । यसमा पनि आन्तरिक र अन्तर्राष्ट्रिय रुपमा जनसंख्या गतिशीलता निरन्तर बढ्दै गएको छ । यस परिदृश्यले नेपाल पहिले नै 'डेमोग्राफिक मेगा-ट्रेन्ड' मा प्रवेश गरिसकेको छ । जुन एसियाका अधिकांश देशमा अनुभव भइसकेको छ । दक्षिण कोरिया, जापान, चीन र अन्य देशहरुमा माइनस जनसंख्या वृद्धिदर, उल्लेखनीय रूपमा कम प्रजनन क्षमता, उच्च जनसंख्या गतिशीलता तथा बढ्दो वृद्ध जनसंख्या छ ।

मलेसिया, थाइल्यान्ड र अन्य देशहरु पनि यी देशलाई पछ्याउँदै छन् । नेपाल पनि त्यही दिशातर्फ गइरहेको छ । चीनको एउटा रोचक उदाहरण यहाँ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ । जनसंख्या, स्रोत र विकासबीच सन्तुलन कायम गर्न सन् १९८० मा चीनमा एक सन्तान नीति थियो । यसमा प्रतिमहिला १.१७ जन्मको कुल प्रजनन क्षमता छ र जनसंख्या वृद्धिदर -०.१०३ छ । फलस्वरूप चीनले सन् २०२१ मा नयाँ नीति परिमार्जन गरेको छ, जसले दम्पतीलाई तीन सन्तान जन्माउने अनुमति दिन्छ । त्यसैगरी हामी जापान र दक्षिण कोरियाको अनुभवबाट पनि सिक्नेछौं, उनीहरूले वृद्ध जनसंख्यालाई कसरी सम्बोधन गर्दै आएका छन् ? उनीहरूसँग कस्तो प्रकारका नीति छन् ? किनभने नेपाल पनि 'बूढो उमेरको समाज' मा पाइला टेकेको छ र हामी पनि सोही दिशातर्फ अघि बढ्ने अपेक्षा गरिएको छ । फरक यति मात्र हो कि हामीले अपेक्षित आर्थिक विकास हासिल गर्न सकेका छैनौं, जुन हाम्रो वर्तमान जनसंख्या परिवर्तनसँग मेल खाँदैन ।

हाल भारतमा विश्वमा सबैभन्दा बढी जनसंख्या छ र दोस्रो स्थानमा चीन । भारतले अप्रिल २०२३ मा चीनको जनसंख्यालाई उछिन्यो । भारत र नेपालको जनसंख्या संरचना, जनसंख्या वृद्धि र प्रजनन क्षमता उस्तै छ ।

निष्कर्षमा भन्नुपर्दा छैटौं एसियाली जनसंख्या सम्मेलन, सन् २०२४ ले नेपाल र फराकिलो एसियाली क्षेत्रले सामना गरिरहेका जटिल जनसांख्यिकीय समस्यालाई सम्बोधन गर्न उत्प्रेरकको रुपमा काम गऱ्यो । एक्काइसौं शताब्दीको सुरुवातसँगै विश्वमा जनसंख्याका अनेक समस्या सतहमा देखिएका छन् । कुनै बेला जनसंख्याको तीव्र वृद्धिलाई समस्याका रुपमा लिइन्थ्यो भने अहिले प्रजनन दरमा आएको गिरावट र जनसंख्याको आकार घट्दै गएको अवस्था विश्वव्यापी रुपमा देखिएको छ । जनसंख्याका यी संक्रमणको समाधानका लागि साझा धारणा बनाउने बेला विश्वमञ्चहरू उपयोग हुने गरेका छन् ।

यसमा पनि जनसंख्यासँग सम्बन्धित कतिपय समस्या क्षेत्रीय चासोका रूपमा रहेका छन् । क्षेत्रीय रूपमा बहस, छलफल गरेर टुङ्गोमा पुग्ने गरिएको छ । एसियाली जनसंख्याका समस्या र तिनको समाधानका उपाय सुझाउन एसियाली जनसंख्या संघको आयोजनामा मंसिर १२ देखि १५ सम्म काठमाडौंमा छैटौं एसियाली जनसंख्या सम्मेलन भएको थियो । हाम्रो देशले एउटा सौभाग्य पाएर अन्तर्राष्ट्रिय सम्मेलन गर्न पाएको थियो । यसभन्दा पहिले मुलुकले सन् २०१४ मा राष्ट्रिय जनसंख्या सम्मेलन गरेको थियो ।

नेपाल सन् २०२६ सम्ममा कम विकसित राष्ट्रबाट विकसित राष्ट्रतिर जाँदै छ भने नेपालले आफूलाई प्रमाणित गर्न यो सम्मेलन वास्तवमा कोसेढुंगा साबित हुनेछ । यसले नेपालको जनसंख्या र विकासलाई नयाँ आयाम दिन्छ भन्ने विश्वास गरिएको छ । मूल रुपमा जनसांख्यिक प्रक्रिया (डेमोग्राफिक प्रोसेस) का मुख्य विषयवस्तुलाई आधार मानेर त्यस प्रक्रियासँग जोडिने विषयहरू जन्म, मृत्यु र बसाइँसराइ आदिलाई समावेश गरिएको छ । यही प्रक्रियाबाट नै जनसंख्याको आकार र संरचना निर्धारण हुन्छ । सम्मेलनले जनसंख्या गतिशीलता र दिगो विकासका लागि तिनीहरूको प्रभावबारे राम्रोसँग बुझाउन योगदान पुऱ्यायो ।

यस सम्मेलनबाट सिकेका पाठ यहाँका जनताको उज्यालो भविष्य निर्माण गर्न सहायक हुनेछन् । छैटौं एसियाली जनसंख्या सम्मेलन नेपालका लागि नयाँ अवसर र चुनौतीलाई चिन्ने एउटा महत्वपूर्ण मञ्च साबित भएको छ । सो सम्मेलनमा सहभागी हुँदै नेपालले क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा आफ्नो अवस्थालाई प्रस्ट्याउन सफल भएको छ । नेपालले यस प्रकारका सम्मेलनबाट सिकेका दृष्टिकोण र समाधानहरू लागू गर्दै राष्ट्रिय विकासका लक्ष्य प्राप्त गर्न सक्नेछ । यस सम्मेलनले नेपाललाई क्षेत्रीय साझेदारी र समन्वयको नयाँ सम्भावना प्रदान गरेको छ ।

*(स्रोतः कारोबारदैनिक)*

# लैंगिक हिंसा विरुद्ध १६ दिन मात्रै बोलेर पुग्छ र ?



**सुशीलकुमार साह**

केही दिन अगाडि बर्दिबासबाट वीरगञ्ज जानको लागि बस स्ट्यान्डमा बसको प्रतीक्षा गर्दै थिएँ । शुक्रवारको दिन भएकाले यो दिन बसमा यात्रुहरूको चाप अन्य दिनको तुलनामा बढी हुने गर्छ । लगभग ४५ मिनेटको पर्खाइपछि वीरगञ्ज जाने एउटा बस आयो ।

'ए, वीरगञ्ज' वीरगञ्ज'' खलासी भाइ कराउँदै थिए ।

बसका चालकले गाडी काउन्टरको छेउमा रोके । टाढाबाट हेर्दा बसभित्र निकै खचाखच देखिन्थ्यो । केहीबेर काउन्टर अगाडि रोकेपछि बर्दिबासमा केही यात्रुहरू ओर्ले, जसले गर्दा सिटहरू अलिकति खाली भए । म ढोकाको छेउमा रहेको सिटमा बसें । लगभग १५ मिनेटको पर्खाइपछि बसभित्रका सिटहरू र खडा हुने ठाउँ पनि यात्रुहरूले भरिएपछि बस गुड्न थाल्यो । गौशालाको नजिक पुगेपछि थप केही यात्रु चढे । तीमध्ये एक महिला आफ्नो करिब ४-५ वर्षको छोरा लिएर बसमा चढिन् । बसभित्र ठाउँ नभए पनि खलासी भाइले ती महिलालाई अगाडिको क्याबिनमा बस्ने व्यवस्था मिलाइदिए ।

उक्त क्याबिनमा अरू पनि केही अल्लारे उमेरका युवाहरू बसेर यात्रा गरिरहेका थिए । बस गुडेको केही समय मात्र भएको थियो, ती युवाहरूको व्यवहार र बोली अलि फरक किसिमको हुन थाल्यो । उनीहरूको बोलीमा छाडापन थियो, र कुनै महिलालाई जिस्क्याउने खालको कुरा गरिरहेका थिए । शब्दहरू पूरै अश्लील नभए पनि अश्लील जस्तै थिए । युवाहरूको त्यो कुराले ती महिलालाई निकै असहज बनायो । उनले अप्ठ्यारो महसुस गरिरहेकी थिइन् । बसमा उभिएर जाने अवस्था थिएन, न त कुनै सिट खाली नै थियो । जसोतसो गरेर, उनी त्यहीं बसिरहेकी थिइन् । उनलाई जवाफ फर्काउन सक्ने जस्तो देखिन्थ्यो, तर उनी किन हो, मौन थिइन् । उनका मनमा के चलिरहेको थियो, अनुमान लगाउन गाह्रो थियो ।

युवाहरूको यस्तो व्यवहार क्रमशः झन् बढ्दै गइरहेको थियो । म भने ती महिलाले ती युवाहरूलाई केही भन्लिन् कि जस्तो लागिरहेको थियो, तर त्यसो केही भएन । एकछिन पछि ती महिलाको छोराले 'आमा, दूध खान्छु' भनेर आग्रह गर्दा ती युवाहरूले निकै असभ्य र अश्लील शब्द प्रयोग गरे । त्यो सुनेर म सहन गर्न सकिनँ ।

मैले तुरुन्तै खलासी भाइलाई बस रोक्न आग्रह गरें । लालबन्दी नपुग्दै बीच बाटोमै बस रोकियो । त्यसपछि मैले ती युवाहरूमाथि कडा गाली गरें। केही समय भनाभन भएपछि, बाँकी यात्रुहरू, जो ती सबै घटनाहरू चुपचाप हेरेका थिए, मेरो र ती महिला यात्रुको पक्षमा बोल्न थाले ।

यात्रुहरूको समर्थन देखेर

...बाँकी पृष्ठ ३ मा

# शिक्षक बैंकका १९ जना शिक्षक विद्यालयमा खटिए



*शिक्षक बैंकमार्फत खटिएका शिक्षकलाई स्वागत गर्नुहुँदै हेटौँडा-१ स्थित अमर माविकी प्रधानाध्यापक मालती उप्रेती।*

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरले विद्यालयमा रिक्त रहेका शिक्षकको ठाउँमा गत साउन महिनादेखि शिक्षक बैंक अन्तर्गत १९ जनाको नाम सिफारिस गरिएको छ । प्राथमिकतर्फ, निम्न माध्यमिकतर्फ र माध्यमिक विद्यालयतर्फ शिक्षकहरुको नाम सिफारिस गरेका हुन् । प्राथमिकतर्फ सुत्केरी शिक्षकको सट्टा, निम्न माध्यमिकतर्फ अंग्रेजी, नेपाली, सामाजिक लगायतका विषय र माध्यमिकतर्फ विज्ञान विषयका लागि शिक्षक सिफारिस गरिएको छ ।

कालिका आधारभूत विद्यालय बाँसघारीमा गोविन्द दंगाल, बाल उज्जवल माध्यमिक विद्यालय लेवटमा फिरोज जर्गा र नम्रता नेपाल, ज्ञानदा माध्यमिक विद्यालयमा अस्मिता कार्की, अमर माध्यमिक विद्यालयमा सिर्जना कुमारी राई र सविना कुमारी विश्वकर्मा, भृकुटी माध्यमिक विद्यालयमा गंगा तिमल्सिना, विश्वज्योति आधारभूत विद्यालय चिप्लेटीमा रुपमानी रेग्मीको नाम सिफारिस गरिएको छ । राजदेवी माध्यमिक विद्यालयमा चित्रकुमारी रेग्मी, त्रिभूवन माध्यमिक विद्यालय नवलपुरमा सुनिता जम्कट्टेल, कमला आधारभूत विद्यालय दौभानचौरमा अमृता देवकोटा, कालिका आधारभूत विद्यालय नकौलीमा रेखा शाह, श्रमिक माध्यमिक विद्यालयमा जानुका भुजेल, बालज्योति माध्यमिक विद्यालय पिप्लेमा रिता न्यौपाने, जनजागृति माध्यमिक विद्यालय रातोमाटेमा सुष्मा अधिकारी, अरनिको माध्यमिक विद्यालय नेवारपानीमा सुष्मा बानियाँ, आकाशधारा पानीसारा प्राथमिक विद्यालयमा रेणुका लामिछाने, कालिदेवी आधारभूत विद्यालयमा सरस्वती घिमिरे, जनप्रिय माध्यमिक विद्यालयमा सविता घिमिरेको नाम सिफारिस गरिएको छ ।

उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने शिक्षक पदमा करारमा नियुक्ति गर्ने प्रयोजनका लागि शिक्षक बैंकमा सूचिकृत गर्न गत साउन २६ गते परीक्षा सञ्चालन गरेको थियो । विद्यालयमा शिक्षकको अभावमा नियमित पठनपाठन प्रभावित नहोस् भनी शिक्षक बैंक स्थापना गरी शिक्षक बैंकमा आवद्ध शिक्षकलाई रिक्त पदमा स्थापित गरिएको हो । उपमहानगरले गत भदौमा शिक्षक बैंकका लागि आवेदन माग गरिएको थियो । बालविकास सहजकर्ता, प्राथमिक तह, निम्न माध्यमिक र माध्यमिक तहका लागि मुख्य ५/५ वटा विषयको सुचरी तयार गर्दै आवेदन माग गरेका थिए । जसमा बालविकास सहजकर्तातर्फ ७७, प्राथमिक तहतर्फ ९५, निम्न माध्यमिक तहतर्फ ६२ र माध्यमिक तहतर्फ १६ जनाले आवेदन दिएका थिए ।

उपमहानगरले लिएको परीक्षामा बालविकास सहजकर्तातर्फ लिखित र अन्तरवार्तामा २४ जना उत्तीर्ण भएका छन् । निम्न माध्यमिक तहतर्फ वस्तुगत, लिखित र अन्तरवार्ता परीक्षामा १७ र माध्यमिकतर्फ वस्तुगत, लिखित परीक्षा तथा अन्तरवार्ता परीक्षामा १३ जना उत्तीर्ण भएका छन् । जसअनुसार विभिन्न विद्यालयको माग बमोजिम उत्तीर्ण शिक्षकको योग्यता क्रमअनुसार उपमहानगरले विद्यालयमा शिक्षकलाई सिफारिस गर्दिै आइरहेको बताएको छ । सामुदायिक विद्यालयमा रिक्त शिक्षकको अवस्थालाई मध्यनजर गर्दै शिक्षक बैंक तयार गरेका हुन् ।।

# हेटौँडामा तरकारीको मूल्य घट्दै

**समाज संवाददाता**

हेटौँडाः हेटौँडास्थित थोक तरकारी बजारमा तरकारीको मूल्य घटेको छ। स्थानीय तरकारी बजारमा आएसँगै तरकारीको मूल्य घटेको हो । एक हप्ता अगाडिको तुलनामा तरकारीको भाउ घटेको हेटौँडा-१ स्थित थोक तरकारी बजारको परिजात फलफूल तथा तरकारी सप्लायर्सका प्रोप्राइटर बद्रि घिमिरेले जानकारी दिनुभयो।

बुधबार बजारमा गोलभेडा, मुला, बन्दा, भाउ रुपैयाँले बढेको छ भने तितेकरेला, नयाँ आलु, घिउ सिमी, घर सिमी केराउकोसा लगायत तरकारीको भाउ घटेको छ। यस्तै काउली, भिन्डी, लौकालगायत तरकारीको मूल्यमा कुनै पनि घटबढ भएको छैन । मंगलबार प्रतिकिलो ७५ रुपैयाँमा बिक्री भएको गोलभेडा बुधबार ५ रुपैयाँले भाउ बढेर ८० रुपैयाँमा बिक्री भएको छ।

बुधबार थोक बजारमा साग प्रतिमुठा १५ रुपैयाँ, केराउकोसा १४५ रुपैयाँ, लसुनको साग १०० रुपैयाँ, काउली ७० रुपैयाँ, धनियाँ ८० रुपैयाँ, केराउकोसाको मूल्य एक सय ५० रुपैयाँ, बन्दा ३५ रुपैयाँ, घिउसिमी ८० रुपैयाँ, घरसिमी ८० रुपैयाँ, तितेकरेला १०० रुपैयाँ, मुला ४० रुपैयाँ, नयाँ आलु ५६ रुपैयाँ, लौका ४० रुपैयाँ, खुर्सानी ६० रुपैयाँ, हरियो प्याज साग ६० रुपैयाँ प्रतिकिलो विक्री भएको छ ।

यस्तै पाकेको फर्सी ४० रुपैयाँ, हरियो फर्सी ५० रुपैयाँ, गाँजर १०० रुपैयाँ, मकै बोडी ५० रुपैयाँ, कागती १७० रुपैयाँ, काँक्रो ८० रुपैयाँ, भन्टा ६० रुपैयाँ, भिडे खोर्सानी ८० रुपैयाँ, स्कुस २० र भिन्डी १२० रुपैयाँ, चमसुर पालुङ्गो साग ३५ रुपैयाँ, सुप साग ३० रुपैयाँ र पत्ता च्याउ १२० रुपैयाँ किलो बिक्री भएको घिमिरेले बताउनुभयो । स्थानीय उत्पादनको काउली, बन्दा लगायतका तरकारीहरु अहिले काठमाडौं, नारायणघाट लगायतका बजारमा बिक्री गरिएको छ भने बाहिरबाट भिडे खुर्सानी, हरियो खुर्सानी, पर्वल लगायतका तरकारी आयात गरिने गरेको घिमिरेले बताउनुभयो ।

## लैंगिक हिंसा...

वातावरण केही सहज भयो । मैले बस चालक र खलासी भाइलाई आग्रह गरें कि यस्ता घटना भोलिका दिनमा नदोहरियोस् भनेर ख्याल राख्नुपर्छ । त्यसमा ध्यान दिनु उनीहरूको साथै हामी सबैको पनि जिम्मेवारी हो भन्ने कुरामा सबैले जोड दिए ।

खलासी भाइले पनि ती युवाहरूलाई गाली गरे र अन्ततः तिनलाई नजिकैको एउटा सानो बस टिकट काउन्टरमा ओरालिदिए। म आफ्नो सिट ती महिलालाई दिएर अगाडिको क्याबिनमा गएर बसें र ण्यात्रा जारी राखें । चन्द्रनिगाहपुरमा पुगेपछि ती महिला बसबाट ओर्लिइन् । ओर्लिने बेला उनले म, बसका चालक दाइ र खलासी भाइलाई आभार प्रकट गरिन् । उनको अनुहारमा देखिएको राहतले मलाई पनि सन्तुष्टि मिल्यो । ती महिलाले सबैलाई धन्यवाद दिंदै बिदा भइन्, म भने आफ्नो यात्रामा अगाडि बढें ।

यो एउटा सानो घटना मात्र थियो, तर यस्ता खालका घटनाहरू दिनहुँ नेपालको सार्वजनिक यातायातमा अधिकांश महिलाले भोग्नुपर्छ । आजको यो आधुनिक युगमा पनि महिलाहरू सुरक्षित महसुस गर्न सकेका छैनन्। यसको प्रमुख कारण भने हामी स्वयं हौं ।

यस्ता घटनाहरू हुँदा कोही बोलिदिंदैनन् । त्यस्ता दुर्व्यवहार गर्नेहरूलाई कानुनले निष्पक्ष रूपमा सजाय दिन सकेको छैन । यसले गर्दा यस्ता अभद्र व्यवहारलाई प्रोत्साहन मिलेको छ, जसले महिलाहरूका लागि असुरक्षित वातावरण सिर्जना गरिरहेको छ । यही कारणले गर्दा आजको दिनसम्म पनि महिलाहरू हाम्रो समाजमा स्वतन्त्र रूपमा हिंडडुल गर्न डराउँछन् ।

एउटी आमाले आफ्नी छोरीलाई एक्लै बाहिर पठाउन डराउँछिन् । एक जना श्रीमान्‌लाई आफ्नी श्रीमती कतै बाहिर गइन् भने केही होला भन्ने डर हुन्छ । एउटा भाइको मनमा उसकी बहिनीलाई कसैले केही नगरोस् भन्ने भय सधैं रहन्छ ।

एकातर्फ हामी महिलाहरूलाई खुला अधिकार दिनुपर्छ भनेर प्रचार गर्छौं, तर अर्कोतर्फ ती महिलामाथि अन्याय बढिरहेको हुन्छ । उनीहरू न्यायको खोजीमा देश, समाज र आफन्तसँग संघर्ष गरिरहेका हुन्छन् । यस्ता अनगिन्ती घटना सबैलाई थाहा नभएको कुरा पनि होइन । यो सबैका लागि हामीले सोच्नुपर्ने बेला आएको छ । कानुनी कारबाही प्रभावकारी बनाउन, चेतना जगाउन र महिलाहरूलाई सुरक्षित वातावरण दिन हामी प्रत्येकले भूमिका खेल्नुपर्छ । हाम्रो सानो प्रयासले ठूलो परिवर्तन ल्याउन सक्छ ।

यस्ता घटनाहरूलाई यदि केहीले रोक्न सकिन्छ भने त्यो मात्र "व्यवहार परिवर्तन" मार्फत सम्भव छ । अन्यथा, यसबारे कल्पना गर्नु पनि व्यर्थ हुनेछ । यदि सबै जना मिलेर आ-आफ्नो स्थानबाट आवाज उठाउन सके, सायद कल्पना नगरेको छोटो समयमा नै महिलाहरूलाई स्वतन्त्र रुपमा जिउन सक्ने वातावरण सिर्जना गर्न सकिन्छ ।

छोरीहरूलाई बचाउन शिक्षा दिन आवश्यक छ । तर, त्योभन्दा पनि बढी छोराहरूलाई महिलासँग कसरी व्यवहार गर्नुपर्छ भन्ने ज्ञान दिन अझ महत्वपूर्ण देखिन्छ । समाजमा महिला माथि हुने हिंसालाई न्यूनीकरण गर्नका लागि विश्वभर मनाइने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान प्रत्येक वर्ष विभिन्न नारा सहित मनाइन्छ । यस अभियानको उद्देश्य महिला माथि हुने हिंसालाई कम गर्दै उनीहरूको प्रगति सुनिश्चित गर्नु हो, ताकि उनीहरूले समाजमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सकून् ।

हामी सबैले यो अभियान र लक्षित वर्गलाई सम्मानजनक तरिकाले मनाउनुपर्छ। साथै, त्यस्तो समाज निर्माण गर्नुपर्छ जहाँ हरेक महिला स्वतन्त्र रूपमा आफ्नो इच्छा अनुसार बाँच्न पाउन् ।

आउनुहोस्, हामी सबै एकजुट भएर महिला माथि हुने हिंसाको उन्मूलन गर्न आ-आफ्नो स्थानबाट पहल गरौं। महिलाहरु माथि हुने कुनै प्रकारको हिंसा फेरि नहोस् र त्यसका लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई १६ दिनमै सीमित नगरी यसलाई सधैं मनाऔं !

सबै महिलाहरूलाई स्वतन्त्र रुपमा बाँच्न पाउने वातावरणको निर्माण गरौं !

*(स्रोतः अनलाईनखबर)*

# अर्थतन्त्र सुधारोन्मुख छः अर्थमन्त्री पौडेल



काठमाडौंः उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको अर्थतन्त्रको अवस्था बिस्तारै सुधारोन्मुख देखिए पनि त्यसको गतिबाट आफू सन्तुष्ट नरहेको बताएका छन् । अर्थ समितिको बुधबार बसेको बैठकमा अर्थमन्त्री पौडेलले यस्तो बताएका हुन् । 'अर्थतन्त्रमा रहेको समस्या र दबाबबाट बिस्तारै बाहिर निस्कन खोज्दैछौं । लामो समयदेखि थुप्रिंदै गएका समस्या भएकाले आजको भोलि नै समाधान हुन सक्दैन', अर्थमन्त्री पौडेलले भने, 'विदेशी मुद्रा सञ्चिति राम्रो छ । पर्याप्त तरलता र ब्याजदर घेटेको छ । मुद्रास्फीति वाञ्छित सीमाभित्र छ । तर यो प्रगतिसँग हामी सन्तुष्ट छैनौं । यसमा थप सुधार आवश्यक छ । अहिलेको सुधारमा मात्रै चित्त बुझाएर हुँदैन ।'

गत आर्थिक वर्षको पहिलो चौमासिक अवधिको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा सरकारी राजस्व बढेको देखिए पनि लक्ष्यअनुसार भने अझै संकलन हुन नसकेको अर्थमन्त्री पौडेलले बताए । विकास आयोजना कार्यान्वयनमा लागि तीन तहका सरकारबीच क्षेत्राधिकार परिभाषित हुन नसक्दा तथा आयोजना वर्गीकरण नहुँदा समस्या देखिएको उनको भनाइ छ। आयोजनाको वर्गीकरणसम्बन्धी स्पष्ट मापदण्ड बनाएर कुन तहका सरकारले कस्तो आयोजना कार्यान्वयन गर्ने भनेर स्पष्ट पारिनुपर्ने उनले बताए ।

'हामीसँग हजारौंको सङ्ख्यामा खल्तीका आयोजना छन् । विस्तृत अध्ययन र सम्भाव्यताविना नै त्यस्ता आयोजनामा बजेट परेका छ । संघ सरकारको बजेटमा ७५ हजार रुपैयाँ लागतको योजना पनि परेको देखियो । यसरी हजार र लाखका योजना केन्द्र सरकारले राख्यो भने प्रदेश, स्थानीय तह, वडाले कस्ता योजना बनाउलान् र कार्यान्वयन गर्लान् ?', उनले प्रश्न गरे । विनियोजन कौशल नहुँदा स्रोतको सदुपयोग नहुने उल्लेख गर्दै उनले योजनाको वर्गीकरण गर्नुपर्नेमा जोड दिए । निर्माण व्यवसायीको दायित्व सरकारले रोकेको पनि उनको भनाइ छ। विधि र प्रक्रिया पुऱ्याएर आए सरकारले कुनै पनि निर्माण व्यवसायीको भुक्तानी नरोक्ने उनले स्पष्ट पारे ।

राजस्व प्रशासनमा रहेका समस्यालाई गम्भीर भएर निगरानी बढाइए पनि सरकारका प्रयास सम्पूर्ण रुपमा सफल हुन नसकेको उनको भनाइ छ । चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले राखेको राजस्व लक्ष्य हासिल गर्न गत आर्थिक वर्षको भन्दा करिब ३० प्रतिशत बढी राजस्व उठाउने पर्नेगरी महत्वाकाङ्क्षी भएर अर्थ मन्त्रालयले काम गरिरहेको उनको भनाइ छ। अहिले बजारमा तरलता पर्याप्त हुँदा र ब्याजदर घट्दा पनि लगानी बढ्न नसक्नुको कारणबारे आफूले नेपाल राष्ट्र बैंकसँग कुरा गरेको पनि अर्थमन्त्री पौडलले समितिलाई जानकारी दिए ।

त्यस्तै, सेयर भित्री कारोबार (इन्साइडर ट्रेडिङ) र कर्नरिग जस्ता समस्या देखिएकाले त्यसलाई नियन्त्रण गर्नका लागि पहल भइरहेको उनको भनाइ छ । नेपालले इतिहासमै पहिलोपटक मुलुकको सार्वभौम साख मूल्यांकन गरेको र यसको नतिजा सन्तोषजनक अवस्था देखिएकाले अब बिस्तारै लगानी बढ्दै जाने आशा व्यक्त गरे । सरकारले आफ्नो आवश्यकता र क्षमता हेरेर सार्वजनिक ऋण लिने पनि उनले स्पष्ट पारे । *स्रोतः अनलाइनखबर ।*

हार्दिक समवेदना



जन्मः
१९९८ असार ५ गते

स्व. उमा पौडेल

स्वर्गारोहणः
२०८१ मंसीर २० गते

यस संस्थाका निवर्तमान अध्यक्ष श्री सर्मेन्द्र पौडेल, कार्यसमिति सदस्य श्री नरेन्द्र पौडेल, यस संस्थाका शुभचिन्तक एवम् हाम्रा अभिन्न मित्र श्री लालबहादुर पौडेलका ममतामयी आमा **उमा पौडेल**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

अध्यक्ष
एवम् मदिरा व्यवसायी संघ
मकवानपुर परिवार
हेटौँडा, मकवानपुर

# राक्सिराङ गाउँपापलिकामा पुसमा राष्ट्रपति रनिङ शिल्ड

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकामा पुस महिनामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना गरिने भएको छ। गाउँपालिकाको खेलकुद विकास समितिले पुस महिनाको पहिलो सातामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना गर्ने योजना बनाएको छ।

प्रतियोगितामा सहभागी हुनका लागि गाउँपालिका भित्र रहेका ९ वटा विद्यालयले तयारी गरिरहेको गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष बुद्धराम मोक्तानले जानकारी दिनुभएको छ। मंसीर महिनाको १० गतेबाट गाउँपालिका भित्र रहेका ५२ वटा विद्यालयले प्रतियोगितामा आफ्ना विद्यार्थीलाई सहभागी गराउनका लागि खेलाडी छनोटको तयारीलाई तिब्रता दिएको उहाँले बताउनुभयो। माध्यमिक तहका ४ वटा बाँकी आधारभूत तथा प्रावि तहका विद्यालयबाट करिब ३ सय जना विद्यार्थीको प्रतियोगितामा सहभागिता रहने उहाँले बताउनुभयो। यसअघि मकवानपुरको इन्द्रसरोवर गाउँपालिका र थाहा नगरपालिकामा पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भइसकेको छ।

प्रतियोगिता आयोजना गर्नका लागि गाउँपालिकाले २ लाख रुपैयाँ बजेट छुट्याएको उहाँले बताउनुभयो। खेलाडीहरुका लागि खाना, आवास र यातायातको पनि व्यवस्था गरिने उहाँले बताउनुभयो। प्रतियोगिता राक्सिराङ गाउँपालिका-८ स्थित सूर्योदय माध्यमिक विद्यालयको खेलमैदानमा हुनेछ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई स्वर्ण, रजत र कास्य पदक प्रदान गरिने छ। पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीहरु जिल्ला हुँदै प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुन पाउने छन्। अन्य पालिकाहरुले पनि प्रतियोगिता आयोजना गर्नका लागि तयारीलाई अगाडि बढाइरहेको छ। गएको आइतबार पालिकामा प्रतियोगिताको आयोजनाको विषयमा छलफल बैठक पनि बसेको थियो। राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको विषयमा आगामी पुस महिनामा बैठक बसेर मिति तय गरिने बताइएको छ।

इन्द्रसरोवर गाउँपालिकामा सम्पन्न भएको प्रतियोगितामा ७ स्वर्ण, ३ रजत र २ कास्य पदक प्राप्त गर्दै महाचुली उपाधि विजेता बन्दा २ स्वर्ण, ४ रजत र ३ कांस्य पदकसहित वात्सलादेवी माध्यमिक विद्यालय उपविजेता बनेको थियो। यस्तै, थाहा नगरपालिकामा सम्पन्न भएको राष्ट्रिपति रनिङ शिल्डको उपाधि जनकल्याण माध्यमिक विद्यालयले २८ स्वर्ण र १० वटा रजत पदक प्राप्त गर्दै जितेको थियो भने भैरव माध्यमिक विद्यालयले ८ स्वर्ण, ५ रजत र १ कास्य पदक प्राप्त गर्दै उपविजेता बनेको थियो।

# आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको भवन बन्दै



आयुर्वेदश चिकित्सालयको निर्माणाधिन भवन ।

समाज संवाददाता

हेटौंडाः हेटौंडामा आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको भवन निर्माणको कार्य भइरहेको छ। हेटौंडा-२, नगरपालिकारोडमा आयुर्वेद वैकल्पिक चिकित्सालय मकवानपुरको भवन निर्माणको कार्य भइरहेको हो। गत वर्षको वैशाख ५ गतेबाट चिकित्सालयको भवन निर्माण कार्य सुरु भएको आयुर्वेद चिकित्सालय कार्यालय मकवानपुरका सूचना अधिकारी विनोद कुमार साहले जानकारी दिनुभएको छ। बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयको करिब ७ करोड बजेटमा चिकित्सालयको भवनको निर्माण कार्य भइरहेको सूचना अधिकारी विनोद कुमार साहले बताउनुभएको छ। स्वास्थ्य मन्त्रालयले ६ करोड ५१ लाख ८१ हजार रुपैयाँको बजेटमा ३ तल्ले भवनमा २७ कोठा तयार हुनेछ। १६ वटा बेडको सेवा तथा इन्डोर सेवा हुनेगरी सम्झौता भएको उहाँले बताउनुभयो।

हालको स्वास्थ्य कार्यालयमा इन्डोरको सेवा सुविधा नभएको कारणले निर्माण कार्य सम्पन्न भएपछि इन्डोर सेवा, बेडको सेवा, दरबन्दी भएको स्टाफ नर्सको सेवा र २ जना दरबन्दी वैद्यको सेवा थप गरेर चिकित्सक कार्यालयलामा आउने बिरामी तथा सेवाग्राहीहरुलाई सेवा प्रदान गरिने उहाँले बताउनुभयो। आयुर्वेदको सिद्धान्तबाट प्रतिवादित चिकित्सकीय सेवाका लागि निर्माण भइरहेको वैकल्पिक र पञ्चकर्मको आयुर्वेद सेवा चिकित्सालयको कार्यालयबाट सुरु हुने उहाँले बताउनुभयो। भवन निर्माणको कामलाई निरीक्षण गरिरहेको छ।

अहिलेको चिकित्सालय कार्यालयमा १५ जना कर्मचारी रहेकोमा नयाँ भवनमा १९ जना जति कर्मचारी रहने उहाँले बताउनुभयो। भवनको सम्पूर्ण निर्माण कार्य सम्पन्न भएर उद्घाटनपछि मात्र चिकित्सालय कार्यालयको सेवाहरुलाई सञ्चालन गर्ने उहाँले बताउनुभएको छ। चिकित्सालय कार्यालयको भवन सानो भएको कारणले दैनिकको उपचार सेवा तथा पञ्चकर्मी चिकित्सकीय सेवामा ठाउँको संरचना सानो भएको छ। उहाँका अनुसार उपचारका लागि आउने सेवाग्राहीले सेवाका लागि ३, ४ दिनसम्म पालो कुर्नुपर्ने अवस्था रहेको छ।

वि.सं. २०८० साल वैशाख निर्माण सुरु भएको भवनको लगभग ७५ प्रतिशत कामहरु सम्पन्न भइसकेको बाँकी २५ प्रतिशतको कामहरु सम्पन्न हुन बाँकी रहेको उहाँले बताउनुभयो। भवनमा प्लाष्टर कोठा निर्माणको कोठाको भाग लगाएर कोठालाई छुट्याउने र पाटेसनलाई अलग गर्ने कामहरु सम्पन्न भइसकेको उहाँले बताउनुभयो। २५ प्रतिशत कार्य अन्तर्गत कोठामा बिजुली बत्तीको वाइरिङ, रंगरोगनको काम र फर्निचर फर्निसिङ लगायतको कामहरुलाई सकाउन बाँकी रहेको बताउनुभयो। साफा वातावरण शौचालय खानी पानीको सेवा सुविधालाई विशेष रुपले प्राथमिकता दिइने उहाँले बताउनुभयो।

बागमती प्रदेशको स्वास्थ्य मन्त्रालय अन्तर्गत मकवानपुर वैकल्पिक तथा आयुर्वेद चिकित्सालयका भवन निर्माणका लागि २०७९ सालमा सम्झौता भएको थियो। धादिङ जिल्लास्थित सार्वजनिक निर्माण कार्यान्वयन इकाइसँगको सम्झौतामा २ वर्ष पहिला नै निर्माणका लागि सम्झौता भएको उहाँको भनाई छ। युरेका पिण्डेश्वर जोइन्ट भेञ्चर कम्पनीलाई ठेक्का दिएर २०८२ सालको फागुन महिनाको मसान्तसम्म निर्माण कार्यसम्पन्न गर्नेगरी सम्झौता भएको छ। अबको एक वर्षको अवधीसम्ममा सम्पन्न गर्ने सम्झौता भएपनि सार्वजनिक निर्माण कार्यान्वयन इकाइले आउँदो बैशाख महिनासम्म भवनको निर्माण कार्यलाई सम्पन्न गर्ने लक्ष्य लिएको छ।

आयुर्वेद चिकित्सालय कार्यालयले ओ.पि.डि सेवा, विशेषज्ञ ओपिडि सेवा, निःशुल्क औषधी वितरण सःशुल्क औषधी सेवा, फिजियोथेरापी सेवा, अकुपञ्चर सेवा, योग परामर्श, क्रियाकलाप सेवा, पूर्व-कर्म, क्षारसूत्र सेवा, जलौका सेवा, अग्रिकर्म सेवा, पथ्य आहार सेवा र बिहान ८ बजेदेखि दिउँसो ३ बजेसम्म प्रयोगशाला सेवा प्रदान गरिरहेको उहाँले बताउनुभयो।

# वक्तृत्वकला प्रतियोगितामा नविना प्रथम




वक्तृत्वकला प्रतियोगितामा सहभागी एक छात्रा ।

समाज संवाददाता

हेटौंडाः राक्सिराङ गाउँपालिका-६, सिलिंगेमा रहेको राष्ट्रिय माध्यमिक विद्यालयमा वक्तृत्वकला प्रतियोगिता भएको छ। मंगलबार दिगो विकासका लागि एकता नेपाल संस्थाको आयोजनामा भएको प्रतियोगितामा कक्षा ९ मा अध्ययनरत नविना चेपाङ प्रथम हुनु भएको संस्थाका परियोजना व्यवस्थापक अनिल पौडेलले जानकारी दिनुभयो।

कार्यक्रममा निराजन चेपाङ द्वितीय र उपाशना चेपाङ तृतीय भएका छन्। "हामी सबैको प्रतिवद्धता, लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यवद्धता" भन्ने नाराका साथ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा शिक्षा स्वास्थ्य र जीविकोपार्जन अभियान अन्तर्गतको संस्थाको नियमित कार्यक्रममा वक्तृत्वकला प्रतियोगिता गरिएको पौडेलले जानकारी दिनुभयो।

कार्यक्रममा दिगो विकासका लागि एकता नेपाल परियोजना व्यवस्थापक अनिल पौडेलको सभाध्यक्षता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रावण लाल प्रजाको प्रमुख आतिथ्यमा भएको थियो। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक लालमाया प्रजा र विद्यार्थीको सहभागिता रहेको थियो। कार्यक्रममा ९ देखि १२ कक्षासम्मका १४ जना विद्यार्थीको सहभागिता रहेको थियो। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः ३ हजार, २ हजार र एक हजारसहित प्रमाणपत्र प्रदान गरिएको थियो। प्रतियोगितामा सहभागी सबैलाई प्रमाणपत्र प्रदान गरिएको पौडेलले जानकारी दिनुभयो।

संस्थाले राक्सिराङ गाउँपालिका अन्तर्गत ६, ७ र ८ नम्बर वडामा शिक्षा स्वास्थ्य र जीविकोपार्जनको विविध क्रियाकलापहरु संचालन गर्दै आएको छ भने विद्यार्थीलाई छात्रवृति, दिवा खाजा, शिक्षक सहयोग, स्वास्थ्य केन्द्र संचालन, १६ विद्यालय र ६ बाल विकास केन्द्रका विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण र तरकारी तथा बालीहरुको बीउ सहयोग, टनेल सहयोग र आवश्यक तालिम, मौसमी तथा बेमौसमी तरकारीका बीउहरु र प्रविधी सहयोग, समुदाय स्तरमा सशक्तीकरणका कार्यहरु गर्दै आएको छ।

# हेटौंडा-१६ नम्बर वडा बालमैत्री घोषणा हुने

समाज संवाददाता

हेटौंडाः आगामी पुस १२ गते शुक्रबार हेटौंडा-१२ नम्बर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिँदैछ। बुधबार हेटौंडा-१६ नम्बर वडाका अध्यक्ष रामकृष्ण कोइरालाले पत्रकार सम्मेलनमार्फत "बालबालिकामा लगानी; सुनिश्चित भविष्यको थालनी" नारासहित बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको बताउनुभयो। वडालाई निकृष्ट बालश्रम, बाल विवाहमुक्त घोषणा गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको जानकारी दिनुभयो।

५१ वटा सूचकमध्ये ४७ वटा सूचकमा १०० प्रतिशत र बाँकी सूचकमा घोषणाका लागि आवश्यक न्यूनतम नतिजा पूरा भएकाले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको हो। घरधुरी तथ्यांक संकलन सर्वेक्षण-२०७९ अनुसार १ हजार ६ सय ६० घरधुरी रहेको छ। १८ वर्षभन्दा मुनिका २ हजार ३ सय ८० बालबालिका रहेको अध्यक्ष कोइरालाले जानकारी दिनुभयो। १ हजार १ सय ७९ बालक र १ हजार २ सय १ बालिका रहेको बताउनुभयो।

सामुदायिक र संस्थागत गरी बाल विकास केन्द्रसहित ६ वटा विद्यालय संचालनमा रहेका छन्। यसैगरी २१ वटा बाल समूह र १ वटा बाल सञ्जालमा ५ सय २५ बालबालिका आबद्ध छन्। ५ सय ४५ मात्र बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको उहाँले जानकारी दिनुभयो। २०७९ साल मंसिर २४ गतेबाट वडास्तरीय अभिमुखीकरण र सामूहिक प्रतिबद्धता व्यक्त गरिएको थियो। बालबालिकाको बाच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको विषयमा सबै सरोकारवाला निकाय जिम्मेवार गर्दा बालबालिकाको अधिकारको कर्तव्यबोध गराउनु अभिभावकको दायित्व भएको उहाँको भनाइ छ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।
Papcytology

-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

सञ्चालनमा आयो
पशुपति ईभी चार्जिङ स्टेशन
हेटौंडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर

६ वटा चार्जिङ युनिटसहित
सम्पर्क: ९८५५०६८८७३

रोजगारीको अवसर
यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ।

- **कार्यक्षेत्र** : हेटौंडा उपमहानगरपालिका।
- **अनुभव** : आवश्यक छैन।
- **काम** : personal care, food supplement, clothes, grocery product हरुको प्रवर्द्धन गर्ने।
- **आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला।**

सेवा सुविधाहरू
- तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
- अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ।

सम्पर्क
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ